यस व्यास नगरकार्यपालिकाको १८१ औं बैठक आज मिति २०८०/१०/२२ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मन बहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णु कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्ण प्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दल बहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री गंगालाल सुवेदी | अनुपस्थित |
| निमित्त प्र.प्र.अ. | - श्री कुमार कञ्चन जि.सी. | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: मिति २०८०/१०/०८ गते भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: व्यास नगरपालिकाको ३२ औं स्थापना दिवस सम्बन्धमा ।
प्रस्ताव नं.३: स्थापना दिवसमा स्मारिका प्रकाशन सम्बन्धमा ।
प्रस्ताव नं.४: स्थापना दिवसमा विभिन्न क्षेत्रका उत्कृष्ट कार्य गर्नेलाई सम्मान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५: आ.व.२०८१/०८२ को बजेट तर्जुमा मापदण्ड तयार गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६: राष्ट्रिय योजना आयोगमा विशेष तथा समपुरक योजना पेश गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७: पक्की सडक काट्न अनुमती लिनुपर्ने सम्बन्धमा।
प्रस्ताव नं.८: विद्युत तार सफाई अभियान सम्बन्धमा ।
प्ररुताव नं.९: उद्योग वाणिज्य संघ इकाईबाट आएको शव वाहन फिर्ता गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: SFD अभिमुखीकरण कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.११: पृथ्वी राजमार्ग बिस्तारमा दमौली क्षेत्रको घर भत्काउने सम्बन्धमा ।
प्रस्ताव नं.१२: म्याराथन कार्यक्रमको प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३: मुग्लिङ्ग-पोखरा सडक योजना (पूर्वी खण्ड) को पत्र सम्बन्धमा ।
प्रस्ताव नं.१४: सिपमूलक तालिममा सहभागी हुन पत्राचार सम्बन्धमा ।
प्रस्ताव नं.१५: दलित तथा जेहेन्दार छात्रबृत्ति वितरण सम्बन्धमा ।
प्रस्ताव नं.१६: सूचना प्रविधि अधिकृतको नियुक्ति सिफारिस सम्बन्धमा ।
प्रस्ताव नं.१७: नगर प्रमुख, उपप्रमुखको सचिवालय व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१८: १०८ फुट व्यासको मूर्ती निर्माणमा तत्काल गर्नुपर्ने काम सम्बन्धमा ।
प्रस्ताव नं.१९: श्रोत कक्षा सञ्चालित दरबन्दी व्यवस्थापन सम्बन्धमा।
प्रस्ताव नं.२०: बेनीमित्र प्रा.वि.को प्रधान अध्यापक नियुक्ति अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.२१: नगर शिक्षा समिति सदस्य मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं.२२: जग्गा वर्गीकरण संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.२३: प्रदेश स्तरीय नवप्रवर्तन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.२४: स्थानीय आर्थिक विकास समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.२५: आर्थिक विकास प्राविधिक समिति सम्बन्धमा ।
प्रस्ताव नं.२६: एकीकृत महिला समूह कार्यक्रम सञ्चालन अनुमति माग सम्बन्धमा ।
प्रस्ताव नं.२७: योजना परिवर्तन अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.२८: वडा नं.५ लाई संघीय बजेटबाट प्राप्त खेलकुद पूर्वाधार एकीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२९: विपदजन्य तथा अत्यावश्यक काममा रकम विनियोजन सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको मिति २०८०/१०/०८ मा भएको कार्यपालिकाको बैठकका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका नेपाल सरकारको निर्णयानुसार २०४८ चैत्र ३० गते स्थापना भएकाले उक्त स्थापना दिवस मनाउन नगर प्रमुखको संयोजकत्वमा सबै वडा अध्यक्ष, कार्यपालिका सदस्यहरु, नगर सदस्यहरु, शाखा/उपशाखा प्रमुखहरु र सदस्य सचिव प्रमुख प्रशासकीय रहने गरी मुल समारोह समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा आगामी चैत्र ३० गते व्यास नगरपालिकाको ३२ औं स्थापना दिवसका अवसरमा नगरपालिकाले सम्पादन गरेका कार्यहरुको शाखा/उपशाखागत, वडास्तरीय र नगरस्तरीय प्रगति विवरणहरु संलग्न गराई "व्यास नगर दर्पण २०८०" प्रकाशन गर्न नगरपालिकाका प्रवक्ता एवं वडाध्यक्ष श्री जीवन गुरुङको अध्यक्षतामा निम्नानुसार ७ (सात) सदस्यीय प्रकाशन समिति गठन गर्ने निर्णय गरियो ।

**प्रकाशन समिति :**

| | | |
|---|---|---|
| (१) संयोजक | – श्री जिवन गुरुङ्ग | – प्रवक्ता/अध्यक्ष वडा नं. ६ |
| (२) सदस्य | – श्री विष्णुकुमार श्रेष्ठ | – वडा अध्यक्ष, वडा नं. ५ |
| (३) सदस्य | – श्री चन्द्रमाया परियार | – कार्यपालिका सदस्य |
| (४) सदस्य | – श्री किस्ना दुरा गुरुङ्ग | – कार्यपालिका सदस्य |
| (५) सदस्य | – श्री रनसिंह नेपाली | – कार्यपालिका सदस्य |
| (६) सदस्य | – श्री गोकर्णराज वाग्ले | – सूचना प्रविधि शाखा |
| (७) सदस्य | – श्री भेषराज तिवारी | – अधिकृत, योजना उपशाखा |

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा नगरपालिकाको स्थापना दिवसको अवसरमा उत्कृष्ट टोल विकास संस्था, कृषि तथा पशुपंक्षी व्यवसायी, करदाता, उपभोक्ता समिति, शिक्षक, कर्मचारी, प्रतिभावान विद्यार्थीहरुलाई पुरस्कृत गर्न उपप्रमुख श्री इन्दिरा दरैको संयोजकत्वमा निम्नानुसार सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

**(क) सम्मान तथा पुरस्कार सिफारिस समिति :**

| | |
|---|---|
| (१) संयोजक श्री इन्दिरा दरै | – उपप्रमुख |
| (२) सदस्य श्री सुरेश थापा | – संयोजक, सुशासन समिति |
| (३) सदस्य- सचिव श्री गंगालाल सुवेदी | – प्रमुख प्रशासकीय अधिकृत |

**(ख) सिफारिसका आधारहरु र संख्या :**

| | |
|---|---|
| (१) आ.व.२०७९/०८० मा उत्कृष्ट कार्य गर्ने टोल विकास संस्था | – ४ (चार) |
| (२) आ.व.२०७९/०८० मा उत्कृष्ट उदाहरणीय कार्य गर्ने कृषि तथा पशुपंक्षी व्यवसायी | – ४ (पाँच) |
| (३) उत्कृष्ट करदाता मध्येबाट | – ४ (चार) |
| (४) उत्कृष्ट उपभोक्ता समिति मध्येबाट | – ४ (चार) |
| (५) माध्यमिक तहका प्रतिभावान विद्यार्थीहरु | – ७ (सात) |
| (६) प्रतिभावान शिक्षकहरु मध्येबाट | – ५ (पाँच) |
| (७) उत्कृष्ट सेवा प्रदान गर्ने कर्मचारीहरु मध्येबाट | – ४ (चार) |
| **३२ औं वार्षिक दिवसमा जम्मा** | **– ३२ जना** |

**(ग) उल्लेखित पुरस्कृत गर्ने व्यक्तिहरुको सिफारिस एवं आधार वडा समिति र नगरपालिकाका विभिन्न शाखा, उपशाखाबाट १५ दिने सूचना दिई प्रस्तावित नाम र विवरण मागिने छ ।**

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ मा विनियोजित योजनाहरुको सम्पादित कार्यढाँचाको समीक्षा गरी आगामी आर्थिक वर्ष २०८१।०८२ को बजेट तथा योजना तर्जुमा सम्बन्धी मापदण्ड तयार गरी एक महिनाभित्र कार्यपालिका समक्ष पेश गर्न उपप्रमुख श्री इन्दिरा दरैको संयोजकत्वमा निम्नानुसार ७ सदस्यीय मापदण्ड प्रस्ताव समिति गठन गर्ने निर्णय गरियो ।

**मापदण्ड सिफारिस समिति:**

| | | |
|---|---|---|
| (१) संयोजक | – श्री इन्दिरा दरै | – उपप्रमुख |
| (२) सदस्य | – श्री रमेशचन्द्र हड्खले | – वडा अध्यक्ष १ (शहरी) |
| (३) सदस्य | – श्री विष्णुकुमार श्रेष्ठ | – वडा अध्यक्ष ५ (अर्ध शहरी) |
| (४) सदस्य | – श्री सुरेश थापा | – वडा अध्यक्ष ९ (ग्रामिण) |
| (५) सदस्य | – श्री बसन्तबहादुर आले | – वडा अध्यक्ष १३ (ग्रामिण) |

(६) सदस्य – डा. राजु पौडेल – योजना तथा पूर्वाधार शाखा प्रमुख
(७) सदस्य- सचिव – श्री गोकर्णराज वाग्ले – सूचना प्रविधि शाखा प्रमुख

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा राष्ट्रिय योजना आयोग काठमाण्डौंबाट विशेष/समपुरक योजनाहरु माघ मसान्तभित्र माग भई आएकोले निम्नानुसार क्रमागत र नयाँ योजनाहरुको प्रस्ताव पेश गर्न शहरी तथा पूर्वाधार शाखालाई निर्देशन दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | कुल लागत अनुमान | आ.व. | हालसम्म प्राप्त भएको | निकासा माग गर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| **क्रमागत योजनाहरु :** | | | | | | | |
| १. | देवीडाँडा खानेपानी योजना | १० | २,२१,७२,२२०।५६ | २०७७।७८ | ९३,२०,०००।० | १,२८,५२,२२०।५६ | विशेष |
| २. | साँधखोला खानेपानी योजना | १३ | १,६२,८८,८०४।६१ | २०७७।७८ | ७४,७५,०००।० | ८८,१३,८०४।६१ | विशेष |
| ३. | मानहुँ खानेपानी योजना | ५ | ६,४०,००,०००। | ०७९।०८० | १,५०,६०,०००।० | ४,८९,४०,०००।० | विशेष |
| ४. | केशवटार गर्जौडी मुल खानेपानी योजना | १४ | ५,००,००,०००।० | ०७९।०८० | १,४९,६९,५००।० | ३,५०,३०,५००।० | विशेष |
| ५. | खड्क काली मार्ग | ११ | १०,००,००,०००। | ०७९।०८० | २,००,००,०००।० | ३,००,००,०००।० | समपुरक |
| ६. | बुल्दीखोला मोटरेवल पुल | १,२ | ७,९३,००,०००।० | २०८०।८१ | १,३५,००,०००।० | २,६१,५०,०००।० | समपुरक |

**नयाँ प्रस्तावित**

| सि.नं | योजनाको नाम | वडा | लागत अनुमान | आ.व | माग गर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | मदिखोला मोटरेवल पुल | ६ | ६,२०,२३,०५७।४४ | २०८१।८२ | ३,१०,११,५२८।०० | समपुरक |
| २. | बुल्दीखोला (घाँसीकुवा) मोटरेवल पुल | ११,१२ | ७,००,००,०००।० | २०८१।८२ | ३,५०,००,०००।०० | समपुरक |
| ३. | छाङ्गा बाराही मन्दिर निर्माण | १० | ३,३०,९२,७४५। | २०८१।८२ | ३,३०,९२,७४५। | विशेष |

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका पक्की सडकहरुमा खानेपानी, टेलिकम्युनिकेशन लगायतका कामका लागि अनुमति नलिई कालोपत्रे सडक काट्ने र मर्मत नगरी छाड्ने गरेको पाइएकोले मर्मत गर्ने प्रतिवद्धता सहित नगरपालिकाको स्वीकृति लिएर आवश्यक स्थानमा मात्र कालोपत्रे सडक काट्न सम्बन्धित संघसंस्था एवं निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका शहरी वडाहरुमा भएका टेलिफोन, विद्युत, केवल तारहरु व्यवस्थापन गर्न सम्बन्धित कार्यालयका प्रमुख तथा प्रतिनिधिसँग परामर्श गरी आवश्यक कदम चाल्न वडा समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा उद्योग वाणिज्य संघ दमौली बजार इकाईबाट यस नगरपालिकालाई शव वाहनका लागि उपलब्ध गराईएको ग १ च ४१४४ नं. को एम्बुलेन्स हाल बिग्रिएको अवस्थामा रही बिल बुक लगायत अभिलेख सम्पत्ति दायित्व बजार इकाईकै हुँदा सहयोगका लागि धन्यवाद प्रदान गरी उक्त गाडी उद्योग वाणिज्य संघ दमौली बजार इकाईलाई फिर्ता दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा नेपाल नगरपालिका संघको आयोजनामा यस नगरपालिकामा मिति २०८०/१०/२४ गते हुने Shit Flow Diagram (SFD) सम्बन्धी अन्तरक्रिया कार्यक्रम एवं अभिमुखीकरणमा सबै कार्यपालिका सदस्यहरु, पदाधिकारी र सम्बन्धित शाखा/उपशाखाका कर्मचारीलाई सहभागी गराउने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा पृथ्वी राजमार्ग विस्तार योजनामा नगरपालिकाबाट पटक पटक सडक क्षेत्रका घर हटाउन अनुरोध गरिएकोमा हालसम्म प्रगति नदेखिएकोले राजमार्गमा पर्ने डुम्रे, छिर्कन लगायतका क्षेत्रमा घर भत्काई सडक विस्तार भइरहेको अवस्थालाई मनन गरी राष्ट्रिय प्राथमिकता प्राप्त बाटो विस्तारमा सडक क्षेत्रका घर हटाई सहयोग पुऱ्याउन सम्बन्धित सबैमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा २०८०/१०/१६ गते भएको मानुङकोट पुलिमराङ्ग अल्ट्रा म्याराथन खुला प्रतियोगिता सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै उक्त कार्यक्रमको प्रतिवेदन ७ (सात) दिन भित्र पेश गर्न नगर खेलकुद समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा मुग्लिङ्ग-पोखरा सडक योजना (पूर्वी खण्ड) को पत्रानुसार मादी नदीबाट सडक निर्माणको सामाग्री निकाल्न डोजर प्रयोग गर्न दिनु हुन भनी आएको पत्रका सम्बन्धमा छलफल हुँदा मादी नदी र सेतीनदी तर्फ ढुङ्गा, गिट्टी, बालुवा उत्खननमा ठेक्का दिइसकेकाले कुन ठेकेदारसँग लिन खोजेको र कति मात्रा लिने हो एकिन गराई सम्बन्धित ठेकेदारको माग समेत लिई जिल्ला अनुगमन समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा पोखरा भ्याली टेक्निकल ट्रेनिङ्ग इन्स्ट्रीच्युट प्रा.लि. बाट सिपमूलक तालिममा सहभागी हुन दिईएको सूचनाको जानकारी लिइयो र इच्छुक विपन्न र जेहेन्दार युवाहरुलाई तालिममा २०८०/११/५ गतेभित्र सोही संस्थामा नाम दर्ता गरी सहभागी हुन सूचित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाबाट वितरण गरिने दलित तथा विपन्न, जेहेन्दार छात्रवृत्तिका लागि प्राप्त विवरण अनुसार व्यास नगरपालिकाको च.नं.२०४७ मिति २०८० पुस २४ गतेको पत्रानुसार ऐ. माघ १० गतेभित्र व्यास नगरपालिकामा स्थायी बसोवास गर्ने चालु शैक्षिक सत्रमा व्यास नगरपालिका अन्तर्गतका सामुदायिक क्याम्पस र सामुदायिक विद्यालयहरुमा भर्ना भई अध्ययन गरिरहेका जेहेन्दार, विपन्न, दलित, अपाङ्गता लगायतका विद्यार्थीहरुको छात्रवृत्तिमा छनौटका लागि निवेदन पेश गर्ने सूचना अनुसार जम्मा १४९ विद्यार्थीहरुको निवेदन प्राप्त भएकोले दोहोरो सुविधा नपर्ने गरी छनौटमा परेका विद्यार्थीहरुलाई न्यूनतम १० हजार रुपैंया प्रति विद्यार्थी छात्रवृत्ति सहुलियत रकम उपलब्ध हुने गरी आवश्यक कोटा निर्धारण गरी सिफारिस गर्न निम्नानुसार छनौट समिति गठन गरियो ।

| | |
|---|---|
| १. संयोजक श्री काजीमान श्रेष्ठ | – सामाजिक विकास समिति संयोजक, (वडा अध्यक्ष १४) |
| २. सदस्य श्री चन्द्रमाया परियार | – कार्यपालिका सदस्य |
| ३. सदस्य-सचिव श्री नविन पराजुली | – शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख |

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) कार्यक्रम समन्वय इकाई अन्तर्गत यस नगरपालिकामा कार्यरत श्री विशाल पण्डितले व्यक्तिगत कारण दर्शाई सेवालाई निरन्तरता दिन असमर्थ रहेको व्यहोरा जनाई मिति २०८०/९/२३ मा निवेदन पेश गर्नुभएको र निजको मिति २०८०/१०/०७ गतेदेखि लागू हुने गरी राजिनामा स्वीकृत भई करार सम्झौता भंग भएकोले वहाँको सेवाको लागि धन्यवाद दिई रक्त रहेको सूचना प्रविधि अधिकृत (अधिकृतस्तर छैटौं) पद सेवा करारमा लिने कार्यका लागि मिति २०८०/०९/२६ गतेको सूचना अनुसार मिति २०८०/१०/७ गते सञ्चालित लिखित परीक्षा, मिति २०८०/१०/१४ गते सञ्चालित प्रयोगात्मक र मिति २०८०/१०/१५ गते सञ्चालित अन्तरवार्ता परीक्षाबाट सफल हुनु भएका व्यास नगरपालिका वडा नं.४ निवासी श्री सुवोध घिमिरेलाई रू.४३,६८९/- मासिक पारिश्रमिक उपलब्ध गराई सेवा करार सम्झौता गरी कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारद्वारा जारी गाउँसभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धित ऐन, २०७६ लाई आधारमानी यस नगरपालिकामा हालै मात्र रिक्त हुन आएको नगर प्रमुख र उपप्रमुखको सचिवालयमा स्वकीय सचिव पदमा कार्य गर्नका लागि व्यास नगरपालिका वडा नं.१३ निवासी श्री गौरव पन्थलाई सहायकस्तर पाँचौं तह सरहको सेवा सुविधा उपलब्ध गराउने गरी करार सेवामा नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ व्यास शिव पाञ्चायन क्षेत्रमा निर्माणाधिन व्यासको १०८ फुट मूर्ती निर्माणमा पहिलो चरण ठेक्का प्रकृयाबाट सम्पन्न हुने काममा थप मूर्ती राखिने तलाको ढलान गर्नुपर्ने तत्काल आवश्यक देखिंदा ल.ई.बाट सिफारिस भई आएको १,०५,४८,५४०/८३ (एक करोड पाँच लाख अडचालिस हजार पाँच सय चालिस र पैसा त्रियासी) यस वर्षको विनियोजित रकम र बाँकी आगामी वर्षको बजेटबाट सुनिश्चित हुने गरी वहुवर्षे टेण्डर आव्हान गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा शिक्षा तथा मानव स्रोत विकास केन्द्र शैक्षिक योजना तथा विकास महाशाखा शिक्षक व्यवस्थापन समन्वय शाखाको मिति २०७७/०६/२९ गतेको पत्रको बुँदा नं.२ मा उल्लेखित बुँदाको आधारमा शिक्षक दरबन्दी मिलान गर्दा स्रोत कक्षा सञ्चालित विद्यालयहरुका स्रोत शिक्षक ६ जना र लेखाजोखा केन्द्र संयोजकको दरबन्दी १ सहित जम्मा ७ वटा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण सम्बन्धी पत्रमा यस नगरपालिकाबाट कट्टा हुने दरबन्दी ५३ (त्रिपन्न) कायम भई आएको तथा यस नगरपालिकाबाट च.नं.८ मिति २०७९ भाद्र २४ गते शिक्षा विकास तथा समन्वय इकाई तनहुँलाई दरबन्दी मिलान सम्पन्न भएको विवरणको पत्र पठाईए अनुसार स्रोतकक्षा सञ्चालित विद्यालयका स्रोत शिक्षक तथा लेखाजोखा केन्द्र संयोजकको दरबन्दी समेत गणना गरी ४६ दरबन्दी मात्र मिलानमा गणना हुनुपर्नेमा भुलवश शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त दरबन्दी मिलान तथ्याङ्कलाई नै आधार लिई ५३ दरबन्दी संख्या नै मिलान गरी विवरण उपलब्ध गराइएकोले माथि उल्लेखित बुँदा नं.२ अनुसार नै कायम हुने गरी ४६ दरबन्दी मात्र खुद पुलमा मिलान गणना गर्ने र भुलवश गणना गरी मिलान समेत गरिएको ७ दरबन्दी पुनः उपलब्ध गराई शिक्षक पदपूर्तिका लागि शिक्षा विकास तथा समन्वय इकाई तनहुँ मार्फत जिल्ला शिक्षा समिति, तनहुँ र शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरमा पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा बेनीमित्र प्राथमिक विद्यालय व्यास १३ मा रिक्त रहेको प्रधानाध्यापक पदका लागि विद्यालय व्यवस्थापन समितिको मिति २०८० माघ ११ गतेको बैठकको निर्णय अनुसार प्राथमिक तहका स्थायी शिक्षक किशोर सुनामलाई प्रधानाध्यापक पदमा नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगर शिक्षा ऐन (संशोधित २०८०) अनुसार शिक्षाविद्हरु मध्येबाट माध्यमिक तहबाट सेवा निवृत्त शिक्षक एवं पूर्व स्रोतव्यक्ति श्री नारायणदत्त पौडेललाई नगर शिक्षा समिति सदस्यमा मनोनित गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित जग्गाको सम्बन्धित वडा कार्यालयको सिफारिसमा यस अघिको यस अवधिको वर्गीकरणलाई पुनरावलोकन गरी निम्नानुसार वर्गीकरण गर्ने निर्णय गरियो ।

१. वडा नं.६ बस्ने चिजामाया श्रेष्ठको नाउमा रहेको साविक श्याम्घा नक्सा नं. ३/छ कि.नं. ४५४, ४५५, ८२, ३१३, ३१५, ५४२, ५४३, ५७७, ८३, ५६६, ५४९ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।

२. वडा नं.६ बस्ने मुस्ताक अलि मियाको नाउँमा रहेको साविक सांजा नक्सा नं. ६/ख कि.नं. ३५० र ४९२ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।

३. वडा नं.६ बस्ने चिजामाया श्रेष्ठको नाउँमा रहेको साविक श्याम्घा नक्सा नं. ३/क कि.नं. २४, २७ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।

४. वडा नं.६ बस्ने चिजामाया श्रेष्ठको नाउँमा रहेको साविक शयाम्घा नक्सा नं. २/क कि.नं. १५३ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।

५. वडा नं.६ बस्ने चिजामाया श्रेष्ठको नाउँमा रहेको साविक श्याम्घा नक्सा नं. ३/च कि.नं. ३०९ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।

६. वडा नं.६ बस्ने चिजामाया श्रेष्ठको नाउँमा रहेको साविक श्याम्घा नक्सा नं. ३/छ कि.नं. ५७६ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।

७. वडा नं.६ बस्ने मन बहादुर बोहोरा क्षेत्रको नाउँमा रहेको साविक श्याम्घा नक्सा नं. ७/क कि.नं. ३४,३५, ८० र ७९ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।

८. वडा नं.८ बस्ने उद्धव पौडेलको नाउँमा रहेको साविक मिर्लुङ्ग १/क कि.नं. २७, ३२ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।

९. वडा नं.७ साविक क्यामिन छापथोक १/च कि.नं. २६, ५१२, १६५, १६७, ३००, ४५३, ४५५, ४८६, ४८७, ४८९, ४९३, ४९४, ५७८, ५८९, ६२७, २६६ कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र कृषि बनाउनु पर्ने ।

१०. वडा नं.७ साविक क्यामिन छापथोक १/घ कि.नं. ७२९, ७२८ कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र कृषि बनाउनु पर्ने ।

११. वडा नं.७ साविक क्यामिन छापथोक १/ज कि.नं. २३१, २४५, ३२० कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उत्तल जग्गालाई गैह्र कृषि बनाउनु पर्ने ।

१२. वडा नं.७ साविक क्यामिन छापथोक १/छ कि.नं. १७९ कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र कृषि बनाउनु पर्ने ।

१३. वडा नं.७ साविक क्यामिन छापथोक ९/घ कि.नं. २३४ कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र कृषि बनाउनु पर्ने ।

१४. वडा नं.७ साविक क्यामिन छापथोक ९/छ कि.नं. ४०५, ४०७ कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र बनाउनु पर्ने ।

१५. वडा नं.७ साविक क्यामिन छापथोक ९/च कि.नं. २१ कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र कृषि बनाउनु पर्ने ।

१६. वडा नं.७ साविक क्यामिन छापथोक १/घ कि.नं. १९१, १९२, १३६ गैह्र कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई कृषि बनाउनु पर्ने ।

**वडा नं.११**

१. वडा नं.११ साविक फराकचौर ५□ख, कि.नं. ९४५, ९४६, ९४९, ९४८ मा भएको जग्गा गैह्र कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई कृषि बनाउनु पर्ने ।

२. वडा नं. ११ साविक फराकचौर ४□क, कि.नं. १५६, १५९, १६६, १७३, २३०, २३७, २४०, २४९, ३५८, १५७, १६२, १६४, १६९, १७५, १७४, १५८, १६३, ३७०, ३३० मा भएको जग्गा गैह्र कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई कृषि बनाउनु पर्ने ।

३. वडा नं. ११ साविक फराकचौर ५□ख, कि.नं. २३६, २३९, ५८, २२९, २३८, २४१, ७६४, २४२, ९४४, ९४७ मा भएको जग्गा गैह्र कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई कृषि बनाउनु पर्ने ।

४. वडा नं. ११ साविक फराकचौर ६□ख, कि.नं. ५३४, ५३२, ४३५, ३०८, ३०६, ३०९, ५३० मा भएको जग्गा गैर कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई कृषि बनाउनु पर्ने ।

५. वडा नं. ११ साविक फराकचौर ६□ख, कि.नं. २७८, २८५ मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई गैह्र कृषि बनाउनु पर्ने ।

६. वडा नं. ११ साविक फराकचौर ६□क, कि.नं. ३५३, ३५८ मा भएको जग्गा गैह्र कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई कृषि बनाउनु पर्ने ।

७. वडा नं. ११ साविक फराकचौर ६□क, कि.नं. ५५२, २९९, ३१९, ३२७, २९४ मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई गैह्र कृषि बनाउनु पर्ने ।

८. वडा नं. ११ साविक फराकचौर ६□ग, कि.नं. २२५ मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई गैह्र कृषि बनाउनु पर्ने ।

९. वडा नं. ११ साविक फराकचौर ६□ङ, कि.नं. ५५० मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई गैह्र कृषि बनाउनु पर्ने ।

१०. वडा नं. ११ साविक फराकचौर ३□ग, कि.नं. ४१, ३३, ३४ मा भएको जग्गा गैह्र कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई कृषि बनाउनु पर्ने ।

११. वडा नं. ११ साविक फराकचौर ३□ग, कि.नं. ३३, ३३ मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई गैह्र कृषि बनाउनु पर्ने ।

१२. वडा नं. ११ साविक फराकचौर ७□झ, कि.नं. १४, १५, ८, २४, २५, २६, २१, २३, २२, ३३ मा भएको जग्गा गैह्र कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई कृषि बनाउनु पर्ने ।

१३. वडा नं. ११ साविक फराकचौर ७□छ, कि.नं. १३२, १३६, १४७, १७६, ८५, १९१, ४६९, ५१, ४, ८ मा भएको जग्गा गैह्र कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई कृषि बनाउनु पर्ने ।

१४. वडा नं. ११ साविक फराकचौर ७□ङ, कि.नं. १६२, ७२५, ७३८, २९७, १०३०, १०२९, २९५, २९४, २४२ मा भएको जग्गा गैह्र कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई कृषि बनाउनु पर्ने ।

१५. वडा नं. ११ साविक फराकचौर ७□ख, कि.नं. २४८, २४३, २४५ मा भएको जग्गा गैह्र कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई कृषि बनाउनु पर्ने ।

१६. वडा नं. ११ साविक फराकचौर ५□ग, कि.नं. ६५, ५४३, ५७६, ५७९, २७१, ५४२ मा भएको जग्गा गैह्र कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई कृषि बनाउनु पर्ने ।

१७. वडा नं. ११ साविक फराकचौर ५□ग, कि.नं. ४१ मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई गैह्र कृषि बनाउनु पर्ने ।

१८. वडा नं. ११ साविक फराकचौर ७□घ, कि.नं. ४९८, २५२ मा भएको जग्गा गैह्र कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई कृषि बनाउनु पर्ने ।

१९. वडा नं. ११ साविक फराकचौर ९□छ, कि.नं. १६२, १६१ मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई गैह्र कृषि बनाउनु पर्ने ।

२०. वडा नं. ११ साविक फराकचौर ९□ख, कि.नं. ४८३मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई गैह्र कृषि बनाउनु पर्ने ।

२१. वडा नं. ११ साविक गद्दिचौतरा ७□क, कि.नं. १७२ मा भएको जग्गा गैह्र कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई कृषि बनाउनु पर्ने ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी गरिएको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० को दफा १० (क) बमोजिम कार्यक्रम कार्यान्वयनको सहजीकरणका निमित्त देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (१) संयोजक | – श्री वैकुण्ठ न्यौपाने | – नगर प्रमुख |
| (२) सदस्य | – श्री इन्दिरा दरै | – उपप्रमुख |
| (३) सदस्य | – श्री गंगालाल सुवेदी | – प्रमुख प्रशासकीय अधिकृत |
| (४) सदस्य | – श्री रमेशचन्द्र हड्खले | – संयोजक, आर्थिक विकास समिति |
| (५) सदस्य | – श्री कुमार कञ्चन जि.सी. | – आ.ले.प. शाखा प्रमुख |
| (६) सदस्य | – श्री मनोज विश्वकर्मा | – कृषि सहकारी तथा पशुपंक्षी विकास शाखा प्रमुख |
| (७) सदस्य-सचिव | – श्री राजेन्द्र कार्की | – उद्योग, पर्यटन श्रम तथा रोजगार शाखा प्रमुख |

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरिएको नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ५२ बमोजिम यस नगरपालिकामा तल लेखिए बमोजिम आर्थिक विकास प्रवर्द्धन समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (१) संयोजक | – श्री वैकुण्ठ न्यौपाने | – नगर प्रमुख |
| (२) सदस्य | – श्री इन्दिरा दरै | – उपप्रमुख |
| (३) सदस्य | – श्री रमेशचन्द्र हड्खले | – संयोजक, आर्थिक विकास समिति |
| (४) सदस्य | – श्री रत्न श्रेष्ठ | – अध्यक्ष, घरेलु विकास समिति |
| (५) सदस्य | – श्री शुकनारायण मल्ल | – अध्यक्ष, उद्योग वाणिज्य संघ दमौली बजार इकाई |
| (६) सदस्य | – श्री अम्मर बहादुर कुँवर | – अध्यक्ष,जिल्ला दुग्ध सहकारी संघ |
| (७) सदस्य | – श्री उदयराज तिमिल्सीना | – प्रबन्धक, मुक्तिनाथ विकास बैंक |
| (८) सदस्य | – श्री भगवती जि.सी. | – उद्यमी |
| (९) सदस्य-सचिव | – श्री गंगालाल सुवेदी | – प्रमुख प्रशासकीय अधिकृत |

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरिएको नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ५३ बमोजिम निम्नानुसार सदस्य रहने गरी व्यास नगर प्राविधिक समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (१) संयोजक | – श्री गंगालाल सुवेदी | – प्रमुख प्रशासकीय अधिकृत |

(२) सदस्य – श्री वैकुण्ठ मिश्र – अध्यक्ष, उद्योग वाणिज्य संघ, तनहुँ
(३) सदस्य – श्री विष्णु कुमार चौधरी – निखिल ढाका उद्योग सञ्चालक
(४) सदस्य – श्री सकुन्तला आले – विषय विज्ञ
(५) सदस्य – श्री हेमन्त गुरुङ्ग – आर्थिक प्रशासन शाखा प्रमुख
(६) सदस्य – श्री रोचक क्षेत्री – प्राविधिक शाखा
(७) सदस्य-सचिव – श्री राजेन्द्र कार्की – उद्योग, पर्यटन श्रम तथा रोजगार शाखा प्रमुख

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा एकिकृत महिला समूहले Save The children- the Global Fund को कार्यक्रम सञ्चालन गर्न अनुमती माग भई आएकोले अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.७ स्थित कालिका मार्ग ज्यामिरे खोलासम्म नाला र ग्राभेल निर्माणको लागि रातो किताबको संकेत नं.५१६ मा रू.५,००,०००/ बजेट विनियोजन भएकोमा स्थानीयको माग अनुसार सोही मार्गमा नाला र ग्राभेलको सट्टा बाटो ढलान गर्ने निर्णय भै योजनाको निर्माण कार्य समेत सम्पन्न भएको हुँदा योजनाको शिर्षक परिवर्तन गरिदिन सम्बन्धित वडाबाट सिफारिस भै आएकोले वडाको सिफारिस बमोजिम उक्त योजनाको शिर्षक परिवर्तनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा संघीय बजेट अन्तर्गत खेलकुद पूर्वाधार निर्माण वडा नं. ५ को लागि आएको बजेट क.सं. ८८६ को रू.१५,००,०००/- (पन्ध्र लाख) सम्बन्धित वडाको सिफारिसका आधारमा व्यास ५ पाटन पराशर क्षेत्रको खेलकुद मैदानमा ल.ई. अनुसार खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका विपदजन्य एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो । उक्त कार्यक्रमहरु सञ्चालन गर्दा नियमानुसार सम्बन्धित शाखासँग सम्पर्क गरी सम्झौता गर्ने र कार्य सम्पन्न भएपश्चात सम्बन्धित वडाबाट कार्यसम्पन्न भएको भनी भुक्तानीको लागि सिफारिस पत्र ल्याउनु पर्नेछ ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | अकला बगैंचा पुरानो जाली मर्मत संहार | १ | ३०,०००।- | मर्मत संहार कोष |
| २. | मोहोरिया टोल खानेपानी पाइप खरिद समेत | १ | ५,०००।- | ८३१ |
| ३. | नेपाल मगर संघ स्थापना दिवस कार्यक्रम सहयोग | ३ | ३०,०००।- | १३० |
| ४. | बधशाला मर्मत सुधार | ३ | १,१०,०००।- | मर्मत संहार कोष |
| ५. | अमृता नेपाली तरकारी खेती सिँचाई पाइप खरिद | ५ | ७,०००।- | ८२३ |
| ६. | अपाङ्गता भएका बाबुराम श्रेष्ठको ३ बाखा मृत्यु राहत | ६ | १५,०००।- | विपद |
| ७. | बिरौटा कुलो मर्मत उमनाथ नागिला | ६ | १,००,०००।- | ८२३ |
| ८. | विपन्न अशोक काफ्ले शौचालय निर्माण सहयोग | ६ | २०,०००।- | ८७७ |
| ९. | सोमाजन प्रा.वि. कार्पेट खरिद | ८ | २०,०००।- | ५८५ |
| १०. | म्याराथन कार्यक्रम बाटो सफाई | ८ | ७०,०००।- | मर्मत संहार कोष |
| ११. | बागेटारी बस्ती जलेश्वरटोल खानेपानी पाइप खरिद | ८ | ५०,०००।- | ८३१ |
| १२. | सिम्लेतारुका लिफ्टिङ्ग खानेपानी मोटर खरिद | ९ | १,२०,०००।- | ८३१ |
| १३. | लिलाकुमारी परियार, माछापोखरी मर्मत संरक्षण | १० | १,००,०००।- | ११२ |
| १४. | सेवर कुखुरा फर्म आगलागी विपद | १० | ३०,०००।- | विपद |

| | | | | |
|---|---|---|---|---|
| १५. | कल्याणकारी आमा समूह अधुरो भवन मर्मत | १० | १,५०,०००।- | ८२२ |
| १६. | एकता कृषि फर्म जमुना दरै पाइप खरिद | १० | १९,०००।- | ८२३ |
| १७. | अनन्त जेष्ठ नागरिक खाजा व्यवस्थापन | १० | १,००,०००।- | ९३ |
| १८. | बोटे समाज उत्थान तरकारीखेती सिँचाई पाइप खरिद | १० | २,००,०००।- | ८२३ |
| १९. | बाराही मा.वि. सुरक्षार्थ सिटी लाइट जडान | ११ | २४,०००।- | ८२४ |
| २०. | द्वन्द्व पिडित महिला अन्तरकृया नेतृत्व विकास | ११ | ५०,०००।- | १०४ |
| २१. | निर्बु बराहखोला मन्दिर परिशर स्टिल बार राख्ने | ११ | २,००,०००।- | ८२२ |
| २२. | चेपाङ्गबस्ती निःशुल्क स्वास्थ्य शिविर व्यवस्थापन रोट्याक्ट क्लव | ११ | १,००,०००।- | १०८ |
| २३. | घाँसीकुवा स्वास्थ्य चौकी कम्पाउण्ड | १२ | ३,००,०००।- | ८२१ |
| २४. | अशोक गुफा जाने बाटो मर्मत | १२ | ४५,०००।- | मर्मत संहार कोष |
| २५. | जनजागृति गंगा मा.वि. खानेपानी व्यवस्थापन | १३ | २०००००।- | ८३१ |
| २६. | अपाङ्गता उद्यमशिलता, नेतृत्व विकास रिसेड | | ३,००,०००।- | ९० |
| २७. | अपाङ्गता महिला सशक्तिकरण समाज कार्यक्रम | | २,००,०००।- | ९० |
| २८. | अपाङ्गमैत्री शिक्षा तथा स्वास्थ्य पुनस्थापना सहृदय मञ्च | | २,००,०००।- | ९० |
| २९. | दृष्टिबिहिन अपाङ्ग सहयोग | | २,००,०००।- | ९० |
| ३०. | विपदजन्य कार्यमा तत्काल आवश्यक पर्ने ह्युम पाइप खरिद | | ५,००,०००।- | विपद |
| ३१. | विपदजन्य कार्यमा तत्काल आवश्यक जाली खरिद कार्यालय | | १०,००,०००।- | विपद |
| ३२. | ब्राह्मण समाज नेपाल जिल्ला अधिवेशन सहयोग | | २५,०००।- | |
| | जम्मा : | | ४५,२०,०००।- | |